International Labour Organization



# अन्तर्राष्ट्रिय श्रम संगठन

## सिफारिस २०४

# अनौपचारिकबाट औपचारिक अर्थतन्त्रतर्फको संक्रमण सम्बन्धी सिफारिस

## सिफारिस २०४

## अनौपचारिकबाट औपचारिक अर्थतन्त्रतर्फको संक्रमण सम्बन्धी सिफारिस

अन्तर्राष्ट्रिय श्रम कार्यालयको शासकीय निकायद्वारा जेनेभामा सन् २०१५ जुन १ मा समाह्वान गरिएको अन्तर्राष्ट्रिय श्रम संगठनको महासम्मेलनको यो १०४ औं सत्र;

आधारभूत सिद्धान्त र श्रम अधिकार लगायत श्रमिकका अधिकारका साथै सामाजिक सुरक्षा, काम गर्ने उपयुक्त वातावरण, समावेशी विकास तथा कानूनको शासनको लागि अनौपचारिक अर्थतन्त्रका सबै पक्षको अधिक उपस्थिति (incidence) एउटा प्रमुख चुनौतीको रुपमा रहेको एवम् यसले दिगो उद्योगको विकास, सार्वजनिक राजस्व र विशेष गरेर सरकारको आर्थिक, सामाजिक र वातावरणीय नीति सम्बन्धी कार्यान्वयनको दायरा, संस्थाहरुको दक्षता र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बजारमा स्वच्छ प्रतिष्पर्धामा नकारात्मक प्रभाव पार्ने कुरालाई मनन गर्दै;

अधिकांश मानिस स्वेच्छाले नभई औपचारिक अर्थतन्त्रमा अवसरको कमी तथा जीविकोपार्जनका अन्य उपायको अभावका कारण अनौपचारिक अर्थतन्त्रमा संलग्न हुन्छन् भन्ने कुरालाई स्विकार्दै;

मर्यादित कामको लागि आवश्यक कुराहरुको अभाव, जस्तै :- श्रम अधिकारबाट वञ्चितिकरण, गुणस्तरीय रोजगारीमा पर्याप्त अवसरको अभाव, अपर्याप्त सामाजिक सुरक्षा र सामाजिक संवादको अनुपस्थिति, यी कुराहरुको अनौपचारिक अर्थतन्त्रमा अधिक मात्रामा प्रभुत्व हुने कुराको स्मरण गर्दै;

शासकीय र संरचनागत विषय लगायत अनौपचारिकताका धेरै कारण हुन्छन् तथा सामाजिक संवादको सन्दर्भमा सार्वजनिक नीतिले औपचारिक अर्थतन्त्रतर्फको संक्रमणलाई थप गति प्रदान गर्दछ भन्ने कुरालाई स्विकार्दै;

फिलाडेल्फिया घोषणा, १९४४; मानव अधिकारको विश्वव्यापी घोषणापत्र, १९४८; आधारभूत सिद्धान्त र श्रम अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय श्रम संगठनको घोषणापत्र र अनुगमन, १९८८; तथा न्यायोचित विश्वव्यापीकरणको लागि सामाजिक, न्याय सम्बन्धी अन्तर्राष्ट्रिय श्रम संगठनको घोषणापत्र, २००८ को स्मरण गर्दै;

अन्तर्राष्ट्रिय श्रम संगठनका आठवटा प्रमुख महासन्धि र अन्य सामयिक अन्तर्राष्ट्रिय श्रम मापदण्ड तथा अनुसूचीमा उल्लेख गरिएका संयुक्त राष्ट्रसंघका दस्तावेजको सान्दर्भिकतामा जोड दिंदै;

अन्तर्राष्ट्रिय श्रम सम्मेलनले ९० औ सत्र (सन् २००२) मा अबलम्बन गरेका मर्यादित काम र अनौपचारिक अर्थतन्त्र सम्बन्धी प्रस्ताव र निर्णय, तथा अनुसूचीमा उल्लेखित अन्य सामयिक प्रस्ताव र निर्णयहरुको स्मरण गर्दै;

समावेशी विकास हासिल गर्न र सबैका लागि मर्यादित काम साकार गर्न अनौपचारिकबाट औपचारिक अर्थतन्त्रतर्फको संक्रमण आवश्यक छ भन्नेमा जोड दिंदै;

संक्रमणको क्रममा मौजुदा जीविकोपार्जनको संरक्षण र सुधार सुनिश्चित गर्दै कामदार र आर्थिक एकाईलाई अनौपचारिकबाट औपचारिक अर्थतन्त्र तर्फ संक्रमण गराउन सक्षम पार्न सदस्यहरुले जरुरी र उपयुक्त उपाय अवलम्बन गर्नु आवश्यक छ भन्ने तथ्यलाई मान्यता दिंदै;

अनौपचारिकबाट औपचारिक अर्थतन्त्र तर्फको संक्रमणलाई सहजीकरण गर्नमा रोजगारदाता र श्रमिक संगठनले महत्वपूर्ण तथा सक्रिय भूमिका खेल्छन् भन्ने मनन गर्दै;

सत्रको कार्यसूचीमा पाँचौ क्रमको विषय रहेको अनौपचारिकबाट औपचारिक अर्थतन्त्र तर्फको संक्रमण सम्बन्धी केही प्रस्ताव अवलम्बन गर्ने बारेमा निर्णय लिंदै;

यी प्रस्तावले सिफारिसको स्वरुप धारण गर्नेछन् भन्ने निर्क्यौल गर्दै;

सन् २०१५, जुन १२ को मितिमा ‘अनौपचारिकबाट औपचारिक अर्थतन्त्रतर्फको संक्रमण सम्बन्धी सिफारिस, २०१५’ भनेर पनि उद्धृत गर्न सकिने यो सिफारिसलाई अनुमोदन गर्दछ ।

## एक — उद्धेश्य र क्षेत्र

१. यो सिफारिसले सदस्यलाई देहायका विषयमा मार्गदर्शन प्रदान गर्दछ ।

(क) कामदारको मुलभूत अधिकारको सम्मान गर्दै र उपार्जन/आयको सुरक्षा, जीविकोपार्जन तथा उद्यमशिलताको अवसर सुनिश्चित गर्दै, श्रमिक र आर्थिक एकाईको अनौपचारिकताबाट औपचारिक तर्फको संक्रमणमा सहजीकरण गर्ने;

(ख) औपचारिक अर्थतन्त्रमा उद्योग/व्यवसाय तथा उपयुक्त रोजगारीको सिर्जना, संरक्षण र दीगोपन एवं समष्टीगत अर्थतन्त्र, रोजगारी, सामाजिक सुरक्षा र सामाजिक नीतिबीच सुसंगति प्रवर्द्धन गर्ने; र

(ग) औपचारिक अर्थतन्त्रको रोजगारीलाई अनौपचारिक हुनबाट रोक्ने ।

२. यो सिफारिसको प्रयोजनको लागि ‘अनौपचारिक अर्थतन्त्र’ भन्ने पदावलीले:

(क) कामदार र आर्थिक एकाईका त्यस्ता आर्थिक क्रियाकलापलाई जनाउँछ, जुन कानूनी रुपमा वा व्यवहारमा औपचारिक प्रणाली/व्यवस्थामा समावेश छैनन् वा अपर्याप्त रुपले समाहित छन्; र

(ख) सम्बन्धित अन्तर्राष्ट्रिय सन्धि/सम्झौतामा परिभाषित गरिए अनुरुप गैर-कानूनी क्रियाकलाप, विशेषत, कानूनले निषेध गरेका सेवा वा वस्तुको उत्पादन, बिक्री-वितरण, साथमा बोक्ने वा तिनको प्रयोग गर्ने साथै लागू औषधको गैरकानूनी उत्पादन र ओसारपसार, हातहतियारको गैरकानूनी उत्पादन र ओसारपसार, मानव वेचविखन र मुद्रा अपचलन (Money laundering) जस्ता वर्जित क्रियाकलापलाई समेट्दैन ।

३. यो सिफारिसको प्रयोजनको लागि अनौपचारिक अर्थतन्त्रमा ‘आर्थिक एकाई’ भन्नाले देहायका कुरालाई समावेश गर्दछ:

(क) ज्यालादारी श्रमिकलाई रोजगारी दिने एकाई;

(ख) आफू एक्लै वा परिवारका सदस्यको योगदानको सहयोगमा ब्यक्तिको स्वामित्वमा रहेका एकाई; र

(ग) सहकारी र सामाजिक तथा ऐक्यबद्धतामा आधारित आर्थिक एकाई ।

४. यो सिफारिस अनौपचारिक अर्थतन्त्रका उद्योग, उद्यमी र घरपरिवार लगायत सबै कामदार र आर्थिक एकाईको हकमा विशेषत: देहाय बमोजिम लागू हुनेछ:

(क) देहायका समेत आर्थिक एकाईको स्वामित्व भएका तथा त्यस्ता एकाई संचालन गर्ने अनौपचारिक अर्थतन्त्रमा रहेका ब्यक्तिहरु:

(अ) स्वतन्त्र कामदार;

(आ) रोजगारदाता; र

(इ) सहकारी तथा सामाजिक एवम ऐक्यवद्धतामा आधारित आर्थिक एकाईका सदस्यहरु;

(ख) औपचारिक वा अनौपचारिक अर्थतन्त्रको जुनसुकै आर्थिक एकाईमा काम गर्ने भएपनि काममा योगदान गर्ने पारिवारिक कामदारहरु;

(ग) औपचारिक उद्योगमा वा अनौपचारिक उद्योगको लागि तथा अनौपचारिक अर्थतन्त्रको आर्थिक एकाईको लागि अनौपचारिक रोजगारी गर्ने कर्मचारीहरु । यसमा श्रम करार र आपूर्ति श्रृखला (Supply Chains) वा परिवारले रोजगारीमा राखेका वैतनिक घरायसी कामदार पनि पर्दछन् ।

(घ) मान्यता प्राप्त नगरेका वा नियमनभित्र नपर्ने रोजगारी सम्बन्धमा रहेका कामदार ।

५. अनौपचारिक काम अर्थतन्त्रको सबै एवम् सार्वजनिक र निजी दुवै क्षेत्रमा पाइन्छ ।

६. माथि अनुच्छेद २ देखि ५ सम्म उल्लेख गरिएका प्रावधानलाई लागू गर्ने सिलसिलामा र सदस्य राष्ट्रका अनौपचारिक अर्थतन्त्रमा भएको बिबिधतालाई ध्यानमा राख्दै आधिकारिक निकायले यस सिफारिसमा ब्याख्या गरिए बमोजिम अनौपचारिक अर्थतन्त्रको प्रकृति र सीमा तथा यसको औपचारिक अर्थतन्त्रसितको सम्बन्धलाई पहिचान गर्नु पर्दछ । सो कार्य गर्ने क्रमका त्यस्तो आधिकारिक निकायले रोजगारदाता र कामदारको अधिक प्रतिनिधित्व भएका संगठनको पूर्ण सहभागिता सहितको त्रिपक्षीय संयन्त्रको उपयोग गर्नु पर्दछ । यस्ता अधिकतम प्रतिनिधित्व भएका रोजगारदाता र श्रमिक संगठनमा राष्ट्रिय प्रचलन बमोजिम अनौपचारिक अर्थतन्त्रका सदस्यतामा आधारित प्रतिनिधिमूलक श्रमिक संगठन र आर्थिक एकाईका प्रतिनिधि रहेको हुनुपर्दछ ।

## अनुसूची

### अनौपचारिकबाट औपचारिक अर्थतन्त्रतर्फको संक्रमणलाई सहजीकरण गर्ने सम्बन्धी अन्तर्राष्ट्रिय श्रम संगठन र संयुक्त राष्ट्र संघका दस्तावेजहरू

### अन्तर्राष्ट्रिय श्रम संगठनका दस्तावेजहरू

#### प्रमुख महासन्धिहरू

- बाध्यकारी श्रम सम्बन्धी महासन्धि, १९३० (नं. २९) र बाध्यकारी श्रम सम्बन्धी महासन्धि, १९३० को सन् २०१४ को अभिलेख
- संगठनको स्वतन्त्रता र संगठित हुने अधिकारको संरक्षण सम्बन्धी महासन्धि, १९४८ (नं. ८७)
- संगठित हुने र सामुहिक सौदाबाजी गर्ने अधिकार सम्बन्धी महासन्धि, १९४९ (नं. ९८)
- समान पारिश्रमिक सम्बन्धी महासन्धि, १९५१ (नं. १००)
- बाध्यकारी श्रम उन्मूलन महासन्धि, १९५७ (नं. १०५)
- भेदभाव (रोजगारी र पेशा) सम्बन्धी महासन्धि, १९५८ (नं. १११)
- रोजगारीको लागि न्युनतम उमेर सम्बन्धी महासन्धि, १९७३ (नं. १३८)
- निकृष्ट प्रकारको वालश्रम विरुद्धको महासन्धि, १९९९ (नं. १८२)

#### शासकीय (नियन्त्रणमुखी) महासन्धिहरू

- श्रम निरीक्षण सम्बन्धी महासन्धि, १९४७ (नं. ८१)
- रोजगारी नीति सम्बन्धी महासन्धि, १९६४ (नं. १२२)
- श्रम निरीक्षण (कृषि) सम्बन्धी महासन्धि, १९६९ (नं. १२९)
- त्रिपक्षीय परामर्श (अन्तराष्ट्रिय श्रम मापदण्ड) महासन्धि, १९७६ (नं. १४४)

#### अन्य दस्ताबेजहरू

#### संगठन स्वतन्त्रता सामुहिक सौदाबाजी र औद्योगिक सम्बन्ध सम्बन्धी

- ग्रामीण कामदारका संगठन सम्बन्धी महासन्धि, १९७५ (नं. १४१)
- सामुहिक सौदाबाजी महासन्धि, १९८१ (नं. १५४)

#### अवसर र व्यवहारको समानता

- पारिवारिक दायित्व भएका श्रमिक सम्बन्धी महासन्धि, १९८१ (नं. १५६)

#### रोजगारी नीति र प्रवर्द्धन

- रोजगारी नीति सम्बन्धी सिफारिस, १९६४ (नं. १२२)
- व्यावसायिक पुन:स्थापना र रोजगारी (अपाङ्गता भएका व्यक्ति) सम्बन्धी महासन्धि, १९८३ (नं. १५९)
- रोजगारी नीति (पूरक प्रावधान) सिफारिस, १९८४ (नं. १६९)
- निजी रोजगारी संस्था सम्बन्धी महासन्धि, १९९७ (नं. १८१)
- साना र मझौला आकारका उद्योगमा रोजगारी सिर्जना सम्बन्धी सिफारिस, १९९८ (नं. १८९)
- सहकारी प्रवर्द्धन सम्बन्धी सिफारिस, २००२ (नं. १९३)
- रोजगारी सम्बन्ध सिफरिस, २००६ (नं. १९८)

#### व्यावसायिक मार्गदर्शन र तालिम

- मानव संसाधन विकास सम्बन्धी महासन्धि, १९७५ (नं. १४२)
- मानव संसाधन विकास सम्बन्धी सिफारिश, २००४ (नं. १९५)

#### ज्याला

- श्रम दफा (सार्वजनिक करार) सम्बन्धी महासन्धि, (नं. ९४) र सिफारिस (नं. ८४), १९४९
- न्यूनतम ज्याला निर्धारण महासन्धि, (नं. १३१) र सिफारिस (नं. १३५), १९७०

#### व्यवसायजन्य सुरक्षा र स्वास्थ्य

- व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य महासन्धि, १९८१ (नं. १५५)
- कृषिमा सुरक्षा तथा स्वास्थ्य सम्बन्धी महासन्धि (नं. १८४) र सिफारिस (नं. १९२), २००१
- व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य महासन्धि प्रवर्द्धनात्मक संरचना, २००६ (नं. १८७)

#### सामाजिक सुरक्षा

- सामाजिक सुरक्षा (न्यूनतम मापदण्ड) महासन्धि, १९५२ (नं. १०२)
- सामाजिक सुरक्षा न्यूनतम शुल्क सम्बन्धी सिफारिस, २०१२ (नं. २०२)

#### मातृत्व संरक्षण

- मातृत्व संरक्षण महासन्धि, २००० (नं. १८३)

#### आप्रवासी कामदार

- रोजगारीका लागि आप्रवासन महासन्धि (संशोधित), १९४९ (नं. ९७)
- आप्रबासी कामदार (पूरक प्राबधान) महासन्धि, १९७५ (नं. १४३)

#### एचआइभी र एड्स

- एचआइभी र एड्स सम्बन्धी सिफारिस, २०१० (नं. २००)

#### आदिबासी र जनजाति समुदाय

- आदिबासी र जनजाति समुदाय सम्बन्धी महासन्धि, १९८९ (नं. १६९)

#### विशिष्ट प्रकारका कामदार

- घरैमा बसेर गर्ने काम सम्बन्धी महासन्धि, १९९६ (नं. १७७)
- घरेलु कामदार सम्बन्धी महासन्धि (नं. १८९) तथा सिफारिस (नं. २०१), २०११

#### अन्तर्राष्ट्रिय श्रम सम्मेलनका संकल्प प्रस्ताव

- अन्तर्राष्ट्रिय श्रम सम्मेलनले आफ्नो ९६ औं सत्र (२००७) मा अवलम्बन गरेको उद्योगको दिगो विकास सम्बन्धी संकल्प प्रस्ताव र निश्कर्ष
- अन्तर्राष्ट्रिय श्रम सम्मेलनले आफ्नो १०१ औं सत्र (२०१२) मा पारित युवा रोजगारी संकट सम्बन्धी संकल्प प्रस्ताव र निष्कर्ष
- अन्तर्राष्ट्रिय श्रम सम्मेलनले आफ्नो १०३ औं सत्र (२०१४) मा पारित दोस्रो पुनरावृत्त छलफल सम्बन्धी संकल्प प्रस्ताव र निष्कर्ष

### संयुक्त राष्ट्रसंघका दस्ताबेजहरू

- मानव अधिकारको विश्वव्यापी घोषणापत्र, १९४८
- आर्थिक, सामाजिक र सांस्कृतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध, १९६६
- नागरिक र राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध, १९६६
- सम्पूर्ण आप्रवासी कामदार र तिनको परिवारका सदस्यको अधिकार संरक्षण सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, १९९०

माथि दिइएको (यसभन्दा अगाडिको) पाठ सन् २०१५ जुन महिनाको तेह्रौं दिनमा समापन भएको अन्तर्राष्ट्रिय श्रम संगठनको महासम्मेलनले नियमानुसार पारित गरेको सिफारिसको आधिकारिक पाठ हो ।

यसप्रति विश्वस्त रहँदै सन् २०१५ जुन महिनाको तेह्रौं दिन हामीले यो सिफारिसमा हस्ताक्षर गरेका छौं ।

अन्तर्राष्ट्रिय श्रम संगठन कार्यालय
पो. ब. नं. ८९७१, धोबीघाट, नयाँ बाटो, ललितपुर, नेपाल
फोन नं. ९७७-१-५५५५७७७, फ्याक्स नं. ९७७-१-५५५०७१४
ई-मेल: kathmandu@ilo.org, वेभ-साइट: www.ilo.org/kathmandu

## दुई मार्गदर्शक सिद्धान्त

७. औपचारिक अर्थतन्त्रतर्फको संक्रमणलाई सहजीकरण गर्ने सम्बन्धी सुसंगत र एकीकृत रणनीति तर्जुमा गर्ने क्रममा सदस्यले देहायका कुरामा ध्यान दिनु पर्दछः

(क) अनौपचारिक अर्थतन्त्रमा रहेका कामदार र आर्थिक एकाईको विशेषता, परिस्थिति र आवश्यकतामा रहेको विविधता तथा यस्तो विविधतालाई उपयुक्त विधि (approaches) द्वारा सम्बोधन गर्नुपर्ने आवश्यकता;

(ख) औपचारिक अर्थतन्त्रतर्फ संक्रमण गर्दाका विशिष्ट राष्ट्रिय परिस्थिति, कानून, नीति, अभ्यास र प्राथमिकताहरु;

(ग) औपचारिक अर्थतन्त्रतर्फको संक्रमणलाई सहजीकरण गर्नको लागि बिबिध बहु रणनीतिको प्रयोग गर्न सकिन्छ भन्ने तथ्य;

(घ) औपचारिक अर्थतन्त्रतर्फ संक्रमणलाई सहजीकरण गर्दा विविध प्रकारका क्षेत्र बीच समन्वय र तालमेलको आवश्यकता;

(ङ) अनौपचारिक अर्थतन्त्रमा कार्यरत सबै व्यक्ति र एकाईको मानव अधिकारको प्रभावकारी प्रवर्द्धन तथा संरक्षण;

(च) कानुनी र व्यवहारिक रुपमा आधारभूत सिद्धान्त र कामको अधिकार (right at work) को सम्मानमार्फत् सबैको लागि मर्यादापूर्ण कामको लक्ष्य पूरा गर्ने;

(छ) विशिष्ट नीतिगत क्षेत्रमा मार्गदर्शन प्रदान गर्ने अद्यावधिक गरिएका अन्तर्राष्ट्रिय श्रम मापदण्डहरु (अनुसूची हेर्नुहोस्);

(ज) लैङ्गिक समानता र अविभेदकारी नीतिको प्रवर्द्धन;

(झ) अनौपचारिक अर्थतन्त्रमा रहेका महिला, किशोर-किशोरी (young people), आप्रवासी, बृद्धबृद्धा, आदिवासी र जातीय मानिसहरु, एच.आइ.भी. संक्रमित वा एच.आइ.भी/एड्स लागेका व्यक्तिहरु, शारीरिक अपाङ्गता भएका व्यक्तिहरु, घरेलु कामदार र निर्वाहमुखी (subsistence) किसान लगायत विशेषतः मर्यादापूर्ण कामको विमुखताको जोखिममा रहेका व्यक्तिहरुप्रति विशेष ध्यान दिनुपर्ने आवश्यकता;

(ञ) औपचारिक अर्थतन्त्रतर्फ संक्रमण गर्ने सिलसिलामा अनौपचारिक अर्थतन्त्रमा रहेका कामदार र आर्थिक एकाईको उद्यमशिल क्षमता, सिर्जनशिलता, क्रियाशिलता, सीप र आविष्कार गर्ने क्षमताको विस्तार र संरक्षण;

(ट) प्रोत्साहन र कानून पालना गर्ने उपायको संयोजन सहितको सन्तुलित पद्धति (approach) को आवश्यकता; र

(ठ) कर छल्ने उद्देश्यले जानाजान औपचारिक अर्थतन्त्रबाट विमुख हुने वा बाहिरिने प्रबृत्तिको रोकथाम र नियन्त्रण (Sanction) तथा सामाजिक र श्रम कानून एवं नियमको कार्यान्वयन गर्ने आवश्यकता ।

## तीन कानुनी र नीतिगत संरचना

८. औपचारिक अर्थतन्त्रको संक्रमणलाई सहजीकरण गर्ने उद्देश्यद्वारा निर्देशित नियम कानून, नीति र अन्य उपायको तर्जुमा र कार्यान्वयनलाई सुसूचित गर्ने सन्दर्भमा सदस्यले राष्ट्रिय परिवेशमा अनौपचारिकता तत्वहरु, विशेषताहरु, कारण र परिस्थितिको उपयुक्त विश्लेषण र निदान गर्नु पर्दछ ।

९. सबै प्रकारका कामदार र आर्थिक एकाईलाई उपयुक्त संरक्षण र समाविष्ट (coverage) गर्ने सुनिश्चितताको लागि सदस्यले राष्ट्रिय कानून र नियम वा अन्य उपायको अवलम्बन, पुनरावलोकन र कार्यान्वयन गर्नुपर्दछ ।

१०. जहाँ उपयुक्त हुन्छ त्यहाँ, बिभिन्न तहका सरकारको भूमिकालाई ध्यानमा राख्दै राष्ट्रिय विकास रणनीति वा योजनाको साथै गरिबी न्यूनीकरण रणनीति तथा बजेटमा औपचारिक अर्थतन्त्र तर्फको संक्रमण सहजीकरण एकीकृत नीतिगत संरचना समावेश भएको छ भन्ने कुरा सदस्यले सुनिश्चित गर्नु पर्दछ ।

११. यस्तो एकीकृत नीतिगत संरचनाले देहायका विषयलाई सम्बोधन गर्नुपर्दछः

(क) दिगो विकास, गरिबी निवारण र समावेशी आर्थिक बृद्धि गर्ने रणनीतिको प्रवर्द्धन तथा औपचारिक अर्थतन्त्रमा मर्यादित (decent) रोजगारी सिर्जना;

(ख) उपयुक्त कानुनी र नियमनकारी संरचनाको स्थापना;

(ग) व्यवसाय र लगानीको लागि उपयुक्त वातावरणको विकास;

(घ) आधारभूत सिद्धान्त र श्रम अधिकारको सम्मान, प्रवर्द्धन र प्राप्ति गर्ने;

(ङ) सामाजिक संवाद प्रवर्द्धन गर्नको लागि रोजगारदाता र कामदारलाई संगठित गर्ने तथा प्रतिनिधित्व गर्ने;

(च) समानताको प्रवर्द्धन र कार्यस्थलमा लैङ्गिक हिंसा लगायत सबै प्रकारको विभेद तथा हिंसाको निवारण;

(छ) उद्यमशिलता, साना तथा मझौला आकारका उद्योग र सहकारी तथा सामाजिक र एकीकृत आर्थिक एकाई जस्ता व्यवसाय र आर्थिक एकाईका अन्य प्रकारका नमूनाको विकासमा पहुँच;

(ज) शिक्षा, जीवनपर्यन्त सिकाइ र सीप विकासमा पहुँच;

(झ) समावेशी आर्थिक क्षेत्रलाई बढावा दिने नियामक संरचनामार्फत् लगायत वित्तीय सेवामा पहुँच;

(ञ) व्यावसायिक सेवामा पहुँच;

(ट) बजार पहुँच;

(ठ) आधारभूत संरचना र प्रविधिमा पहुँच;

(ड) क्षेत्रगत नीतिको प्रवर्द्धन (Promotion of sectoral policies);

(ढ) सामाजिक सुरक्षा प्रणाली अस्तित्वमा नरहेको ठाउँमा त्यसको स्थापना र सामाजिक सुरक्षा संरक्षणको बिस्तार;

(ण) निर्वाहमुखी जीविकोपार्जनको लागि सार्वजनिक प्राकृतिक स्रोतमा नियन्त्रित पहुँच र सार्वजनिक स्थानको प्रयोगमा नियन्त्रित पहुँच लगायत ग्रामीण र सहरी स्थानीय विकास रणनीतिको प्रवर्द्धन;

(त) प्रभावकारी व्यावसायिक सुरक्षा र स्वास्थ्य नीति;

(थ) कुशल र प्रभावकारी श्रम निरीक्षण;

(द) उपयुक्त तरिकाले तर्जुमा गरिएका न्यूनतम ज्यालासम्बन्धी नीति लगायत आयको सुरक्षा;

(ध) न्यायमा प्रभावकारी पहुँच; र

(न) अन्तर्राष्ट्रिय सहायता संयन्त्र ।

१२. एकीकृत नीतिगत संरचनाको तर्जुमा र कार्यान्वयन गर्ने क्रममा सदस्य राष्ट्रले कर अधिकारी, सामाजिक सुरक्षा संस्था, श्रम निरीक्षण निकाय, भन्सार अधिकारी, आप्रवासन सम्बन्धी निकाय र रोजगारी सेवा आदि जस्ता उपयुक्त निकाय र अधिकारी बीच सहयोग तथा सरकारका बिभिन्न तहमा राष्ट्रिय परिस्थिति अनुरुप समन्वय सुनिश्चित गर्नु पर्दछ ।

१३. सदस्य राष्ट्रहरुले कामदार र आर्थिक एकाईलाई उनीहरुको मौजुदा सम्पत्तिको मान्यता प्राप्त गर्नका साथै सम्पत्तिको अधिकार र जमिनमाथि पहुँचमा औपचारिकता प्राप्त गर्ने उपाय प्रदान गरेर औपचारिक अर्थतन्त्रतर्फको संक्रमणमा त्यस्ता कामदार र आर्थिक एकाईको आय आर्जन सुरक्षण अवसरको महत्वलाई मान्यता दिनु पर्दछ ।

## चार रोजगारी नीति

१४. औपचारिक अर्थतन्त्रमा रोजगारी सिर्जनाको गुणस्तर कायम राख्ने उद्देश्य प्राप्ति गर्ने सिलसिलामा सदस्यले 'रोजगारी नीति सम्मेलन, १९६४ (नं. १२२)' अनुरुप राष्ट्रिय नीति तर्जुमा र कार्यान्वयन गर्नुका साथै पूर्ण, मर्यादित, उत्पादनमूलक तथा स्वतन्त्र रुपले छनौट गर्न सकिने रोजगारीलाई आफ्नो राष्ट्रिय विकास र आर्थिक वृद्धि रणनीति एवं योजनाको प्रमुख उद्देश्य बनाउनु पर्दछ ।

१५. सदस्यले देहायका तत्व समावेश हुन सक्ने त्रिपक्षीय परामर्शमा आधारित विस्तारित रोजगारी नीति संरचनाको कार्यान्वयनलाई प्रवर्द्धन गर्नु पर्दछः

(क) समग्र माग, उत्पादनशील लगानी तथा संरचनागत परिवर्तन, दिगो उद्योगलाई प्रवर्द्धन गर्ने, व्यावसायिक आत्मविश्वासलाई टेवा पुऱ्याउने र असमानतालाई सम्बोधन गर्ने रोजगारी मैत्री समष्टीगत आर्थिक नीति;

(ख) रोजगारी प्रवर्द्धन गर्ने, उत्पादनशिलता बृद्धि गर्ने तथा संरचनागत परिवर्तन प्रक्रियालाई सहज पार्ने व्यापार, औद्योगिक, कर, क्षेत्रगत र पूर्वाधार नीतिहरु;

(ग) अन्तर्राष्ट्रिय श्रम सम्मेलनको ९६ औं सत्र (सन् २००७) द्वारा अवलम्बन गरिएको दिगो उद्योग सम्बन्धी घोषणा र निष्कर्षलाई मध्यनजर राख्दै लघु, साना तथा मध्यमस्तरका उद्योग एवं उद्यमशिलतालाई सघाउने लगायत, विशेष गरेर, सहज वातावरणको अवस्थालाई र दिगो उद्योगका साथै औपचारिकता तथा न्यायोचित प्रतिष्पर्धाको सहजीकरण गर्ने उत्कृष्ट रुपले तर्जुमा गरिएका, पारदर्शी र राम्रोसँग सम्प्रेषित नियम कानूनलाई प्रवर्द्धन गर्ने उद्योग नीति;

(घ) न्यून आय भएका परिवारलाई गरिबीबाट छुटकारा पाउन मद्दत गर्ने तथा स्वतन्त्र रुपले छनौट गर्न सकिने रोजगारीमा पहुँच पुऱ्याउने श्रम बजार नीति र संस्थाहरु । जस्तै - नगद स्थानान्तरण, सार्वजनिक रोजगारी कार्यक्रम र सुरक्षण लगायत सामाजिक संरक्षण योजना, न्यूनतम ज्याला तथा उपयुक्त तरिकाले तर्जुमा गरिएका ज्याला सम्बन्धी नीति साथै अनौपचारिक अर्थतन्त्रमा रहेकाहरुको लागि सुदृढ पहुँच र रोजगारी सेवा प्रदान;

(ङ) श्रम बजारको आवश्यकतालाई ध्यान दिने तथा मर्यादित काम र आप्रबासी कामदारको अधिकारलाई प्रवर्द्धन गर्ने श्रमिक आप्रबासन सम्बन्धी नीति;

(च) जीवनपर्यन्त सिकाइलाई टेवा पुऱ्याउने, श्रम बजारको आगामी आवश्यकता र नयाँ प्रबिधिलाई सम्बोधन गर्ने तथा अनौपचारिक प्रशिक्षण प्रणालीमार्फत् पूर्व सिकाईलाई मान्यता प्रदान गर्नमा सहायता पुऱ्याउने शिक्षा र सीप विकास नीति जसको कारण औपचारिक रोजगारीको संभावना विस्तार हुन्छ;

(छ) विशेष गरी सुविधाविहीनहरुलाई तालिममा पहुँच पुऱ्याउने तथा उत्पादनमूलक रोजगारीलाई निरन्तरता दिने जस्ता युवा प्रत्याभूति योजना लगायत युवाहरुलाई विद्यालयदेखि रोजगारीसम्म संक्रमण गर्न सहजीकरण गर्ने बृहत् तयारीका उपायहरु;

(ज) विशेष गरी लामो अवधिसम्म बेरोजगार व्यक्तिहरु, महिला र अन्य सुविधाविहीन समूहहरुको बेरोजगारी वा कामविहीनताको अवस्थाबाट रोजगारी तर्फको संक्रमणलाई प्रवर्द्धन गर्ने उपायहरु; र

(झ) उपयुक्त, पहुँचयोग्य र अद्यावधिक श्रमबजार सूचना प्रणाली ।

## पाँच अधिकार र सामाजिक सुरक्षा

१६. सदस्यले मर्यादित कामको उद्देश्य हासिल हुने र अनौपचारिक अर्थतन्त्रमा कार्यरत व्यक्तिको लागि देहायका आधारभूत सिद्धान्त तथा श्रम अधिकारको सम्मान, प्रवर्द्धन र प्राप्ति हुने उपाय अपनाउनु पर्दछः

(क) संगठनको स्वतन्त्रता र सामुहिक सौदाबाजी अधिकारको प्रभावकारी मान्यता;

(ख) सबै प्रकारका बलजफ्तीपूर्ण र अनिवार्य श्रमको उन्मूलन;

(ग) बालश्रमको प्रभावकारी उन्मूलन;

(घ) रोजगारी र व्यवसाय सम्बन्धी विभेदको उन्मूलन ।

१७. सदस्यले देहायका कार्य गर्नु पर्दछः

(क) प्रायजसोः अनौपचारिक अर्थतन्त्रको कामको विशेषताको रुपमा रहेको जोखिमपूर्ण र अस्वस्थकर कामको अवस्थालाई सम्बोधन गर्न शिघ्र कदम चाल्ने;

(ख) अनौपचारिक अर्थतन्त्रमा रहेका रोजगारदाता र कामदारको लागि व्यावसायिक सुरक्षा र स्वास्थ्य संरक्षणको प्रवर्द्धन तथा विस्तार गर्ने ।

१८. औपचारिक अर्थतन्त्रतर्फ संक्रमण हुने क्रममा सदस्यले अनौपचारिक अर्थतन्त्रमा रहेका सबै कामदारलाई क्रमशः कानूनी र व्यावहारिक रुपमा सामाजिक सुरक्षा, मातृत्व सुरक्षा, कामको उपयुक्त अवस्था र जीवन निर्वाह गर्न चाहिने आय तथा देशमा प्रचलित सामान्य तहको ज्याला लगायत उपयुक्त तत्वहरु र कामदारका आवश्यकतालाई ध्यानमा राख्ने न्यूनतम ज्याला प्रदान गर्नु पर्दछ ।

१९. सामाजिक सुरक्षा प्रणाली भित्र राष्ट्रिय सामाजिक सुरक्षाको न्यूनतम ज्याला एवम् दर निर्धारण र कायम गर्न तथा औपचारिक अर्थतन्त्र तर्फको संक्रमणकाललाई सहजीकरण गर्ने क्रममा सदस्यले अनौपचारिक अर्थतन्त्रमा काम गर्ने मानिसहरु र तिनका परिवारजनका आवश्यकता र अवस्थाप्रति विशेष ध्यान दिनु पर्दछ ।

२०. औपचारिक अर्थतन्त्रतर्फ संक्रमणको क्रममा सदस्यले सामाजिक बिमा सुरक्षा क्रमशः अनौपचारिक अर्थतन्त्रमा रहेका मानिसको लागि पनि विस्तार गर्नुका साथै आवश्यक परेको खण्डमा उनीहरुको योगदान गर्ने क्षमतालाई मध्यनजर राख्दै प्रशासनिक प्रक्रिया, सुविधा र योगदानलाई तदनुकूल समायोजन गर्नु पर्दछ ।

२१. औपचारिक अर्थतन्त्रतर्फ संक्रमणलाई सहज बनाउन तथा उद्यमशिलता र श्रम अवसरमा लैङ्गिक समानताको प्रवर्द्धन गर्न सदस्यले आर्थिक क्षमताले भ्याउने गुणस्तरीय शिशु स्याहार र स्याहार सेवामा पहुँच र त्यस्ता सेवा प्रदान गर्न प्रोत्साहन गर्नु पर्दछ ।

## छ प्रोत्साहन सुविधा, परिपालना र कार्यान्वयन

२२. सदस्यले बिभिन्न रोकथामका उपायको माध्यम लगायत उपयुक्त उपायद्वारा कानून कार्यान्वयन र कर छली र सामाजिक योगदान, श्रम कानून तथा नियम टार्ने / वेवास्ता गर्ने प्रवृत्ति बिरुद्ध प्रभावकारी दण्ड/सजाय अवलम्बन गर्नु पर्दछ । कुनै पनि प्रोत्साहनलाई अनौपचारिकबाट औपचारिक अर्थतन्त्रतर्फको सामयिक र प्रभावकारी संक्रमणसँग जोड्नु पर्दछ ।

२३. सदस्यले उपयुक्त भएमा औपचारिक अर्थतन्त्रतर्फको संक्रमणका बाधा अड्चनलाई न्यूनीकरण गर्नुका साथै भ्रष्टाचार बिरुद्ध प्रयास र सुशासनलाई प्रवर्द्धन गर्ने उपाय अवलम्बन गर्नु पर्दछ ।

२४. सदस्यले व्यावसायिक सेवा, वित्तीय सेवा, पूर्वाधार, बजार, प्रविधि, शिक्षा तथा सीप विकास कार्यक्रम र सम्पत्ति अधिकारलगायत औपचारिक अर्थतन्त्रतर्फको प्रभावकारी संक्रमणको लागि प्रोत्साहन प्रदान गर्नुका साथै त्यसको लाभको प्रवर्द्धन गर्नु पर्दछ ।

२५. लघु तथा साना आर्थिक एकाईको औपचारिकता तर्फको संक्रमणको सन्दर्भमा सदस्यले देहायका कुरा गर्नु पर्दछः

क) दर्ता शुल्क र प्रक्रियाको अवधि घटाएर तथा सेवामा पहुँच सुधार गरेर, जस्तै सूचना र संचार प्रविधिको माध्यमबाट, व्यवसाय प्रवेशमा परिमार्जन गर्ने ।

ख) सरलीकृत कर तथा योगदान मूल्याङ्कन र भुक्तानी व्यवस्था सुरु गरेर परिपालना सम्बन्धी लागत घटाउने ।

ग) खरिद प्रक्रिया र परिमाण समायोजन, सार्वजनिक टेन्डर प्रक्रियामा कसरी सहभागी हुने भन्ने सम्बन्धी तालिम र परामर्श दिने तथा यी आर्थिक एकाईको लागि कोटा (Quota) निर्धारण गर्ने जस्ता उपायमार्फत् श्रम कानूनलगायत राष्ट्रिय कानून अनुरुप सार्वजनिक खरिदमा पहुँचलाई प्रवर्द्धन गर्ने ।

घ) यी आर्थिक एकाईको आकार र आवश्यकतालाई उपयुक्त हुने खालका ऋण/कर्जा तथा धितोपत्र, भुक्तानी तथा बिमा सेवा, बचत र जमानत जस्ता समाबेशी आर्थिक/वित्तीय सेवामा पहुँचको सुधार गर्ने ।

ङ) उद्यमशिलता तालिम, सीप विकास र उपयुक्त व्यावसायिक विकास सेवामा पहुँच सुधार गर्ने ।

च) सामाजिक सुरक्षा संरक्षणमा पहुँच सुधार गर्ने ।

२६. सदस्यले औपचारिक अर्थतन्त्रतर्फको संक्रमणलाई सहजीकरण गर्ने उद्देश्यले रोजगारी सम्बन्धलाई मान्यता प्रदान तथा लागु गर्ने सुनिश्चितता लगायत राष्ट्रिय कानून र नियमको परिपालना भएको प्रत्याभूति गर्ने उपयुक्त संयन्त्रको व्यवस्था गर्ने वा मौजुदा संयन्त्रलाई परिमार्जन गर्नु पर्दछ ।

२७. सदस्यसँग निरीक्षणको समुचित र उपयुक्त प्रणाली हुनु पर्दछ । साथै सदस्यले कामदारको सुरक्षाको लागि अनौपचारिक अर्थतन्त्रका सबै कार्यस्थलमा श्रम निरीक्षणको प्रभावक्षेत्र विस्तार गर्ने तथा अनौपचारिक अर्थतन्त्रमा कामको अवस्थालाई कसरी सम्बोधन गर्ने लगायत विषयमा कार्यान्वयन निकायलाई मार्गदर्शन गर्नु पर्दछ ।

२८. सदस्यले सम्बन्धित नियम कानूनको परिपालनाको लागि सूचना तथा सहयोग प्रभावकारी रुपले प्रदान गर्ने र सम्बन्धित पक्षको क्षमता अभिबृद्धिको सुनिश्चितता हुने उपाय अवलम्बन गर्नु पर्दछ ।

२९. सदस्यले दक्ष तथा पहुँचयोग्य सहज प्रकारको सिकायत र निवेदन प्रक्रिया स्थापना गर्नु पर्दछ ।

३०. सदस्यले औपचारिक अर्थतन्त्रतर्फको संक्रमणलाई सहजीकरण गर्ने नियन्त्रणात्मक र उपयुक्त सुधारात्मक उपायको व्यवस्था गर्नुका साथै सम्बन्धित नियम कानून परिपालना नगरेको खण्डमा राष्ट्रिय कानूनमा व्यवस्था गरिएका प्रशासनिक, देवानी र फौजदारी दण्ड-सजाय पर्याप्त कडाइका साथ लागु गरिएका छन् भन्ने प्रत्याभूति गर्नु पर्दछ ।

## सात संगठन स्वतन्त्रता, सामाजिक संवाद र रोजगारदाता तथा श्रमिक संगठनको भूमिका

३१. सदस्यले अनौपचारिक अर्थतन्त्रमा काम गर्ने व्यक्तिहरुलाई सम्बन्धित संगठनको विधानको अधिनमा रहने गरी आफ्नो छनौटको संगठन, महासंघ र परिसंघ स्थापना गर्ने अधिकार लगायत संगठन स्वतन्त्रता तथा सामुहिक सौदाबाजीको अधिकार हुनेछ भन्ने कुराको प्रत्याभूति गर्नु पर्दछ ।

३२. सदस्यले औपचारिक अर्थतन्त्रतर्फको संक्रमणको क्रममा रोजगारदाता र कामदारले उनीहरुको संगठन गर्ने तथा सामुहिक सौदाबाजी र सामाजिक संवाद/वार्तामा सहभागी हुने अधिकारको अभ्यास गर्नको लागि संरचना स्थापना गर्नु पर्दछ ।

३३. आवश्यक परेको खण्डमा रोजगारदाता र श्रमिक संगठनले अनौपचारिक अर्थतन्त्रमा काम गर्ने मजदुर र आर्थिक एकाईलाई उनीहरुको सेवामा सामेल हुने वा त्यसको प्रयोग गर्ने अवसर प्रदान गर्नु पर्दछ ।

३४. अनौपचारिक अर्थतन्त्रको लागि नीति र कार्यक्रमको निर्माण, कार्यान्वयन र मूल्याङ्कन तथा अनौपचारिक अर्थतन्त्रलाई औपचारिक स्वरुप दिने क्रममा सदस्यले रोजगारदाताका संगठन तथा सबैभन्दा धेरै प्रतिनिधिमूलक कामदारसँग परामर्श गर्नु पर्दछ र साथै राष्ट्रिय प्रचलन अनुसार अनौपचारिक अर्थतन्त्रमा कामदार र आर्थिक एकाइको रुपमा काम गर्ने सदस्य भएका प्रतिनिधिमूलक संगठनका प्रतिनिधि आफ्नो तह र तप्कामा रहेको संगठनको सक्रिय सहभागितालाई प्रवर्द्धन गर्नु पर्दछ ।

३५. औपचारिक अर्थतन्त्रतर्फको संक्रमणलाई सहज बनाउन सदस्य र रोजगारदाता तथा श्रमिक संगठनले अस्तित्वमा रहेका रोजगारदाता तथा कामदारका प्रतिनिधिमूलक संगठनको क्षमता अभिवृद्धिको साथै अनौपचारिक अर्थतन्त्रमा कार्यरत कामदार र आर्थिक एकाईलाई सहयोग गर्नको लागि अनौपचारिक अर्थतन्त्रमा रहेका व्यक्तिलाई प्रतिनिधित्व गर्ने संगठनको क्षमता अभिवृद्धिको लागि अन्तर्राष्ट्रिय श्रम संगठनसँग सहयोग लिन सक्नेछन् ।

## आठ तथ्यांक संकलन र अनुगमन

३६. सदस्यले रोजगारदाता र श्रमिक संगठनसँग छलफल गरेर नियमित रुपले देहायका काम गर्नु पर्दछः

क) यथासंभव र उपयुक्त भएमा लिङ्ग, उमेर, काम गर्ने ठाउँ तथा अनौपचारिक अर्थतन्त्रको एकाईको संख्या, कार्यरत श्रमिकको संख्या र उनीहरुको क्षेत्र (कार्य समूह) लगायत अनौपचारिक अर्थतन्त्रको आकार र बनावटका सामाजिक र आर्थिक विशेषता अनुसार विभाजन गरिएको तथ्याङ्क संकलन, विश्लेषण र सम्प्रेषण ।

ख) औपचारिकता तर्फको प्रगतिको अनुगमन र मूल्याङ्कन ।

३७. अनौपचारिक अर्थतन्त्र सम्बन्धी आंकडा, तथ्याङ्क र सूचक संकलनमा प्रयुक्त अवधारणा, परिभाषा र विधिको निर्माण तथा परिमार्जन गर्ने सिलसिलामा सदस्यले उपयुक्त भएसम्म अन्तर्राष्ट्रिय श्रम संगठनले प्रदान गरेका उपयुक्त मार्गदर्शक, विशेष गरी सन् २००३ मा श्रम तथ्याङ्कशास्त्रीको सत्रौं अन्तर्राष्ट्रिय सम्मेलनले अवलम्बन गरेको अनौपचारिक रोजगारीको परिभाषा सम्बन्धी मार्गदर्शन र तत्पश्चातका अद्यावधिक गरिएका सम्बन्धित दस्तावेजलाई मध्यनजर राख्नु पर्दछ ।

## नौ कार्यान्वयन

३८. सदस्यले देहायमध्ये कुनै एक वा बढी उपयुक्त माध्यमबाट यस सिफारिसका प्राबधानलाई लागू गर्नु पर्दछ । यी प्रावधान कार्यान्वयन गर्दा सदस्यले राष्ट्रिय प्रचलन बमोजिम सबैभन्दा बढी प्रतिनिधिमूलक रोजगारदाता र श्रमिक संगठन तथा सदस्यहरु अनौपचारिक अर्थतन्त्रमा कामदार र आर्थिक एकाईको रुपमा रहेको प्रतिनिधिमूलक संगठनको प्रतिनिधिसित परामर्श गरेर गर्नु पर्दछ ।

क) राष्ट्रिय कानून;

ख) सामुहिक सौदाबाजी;

ग) नीति तथा कार्यक्रम;

घ) सरकारी निकाय र अन्य सरोकारवालाबीचको प्रभावकारी समन्वय;

ङ) संस्थागत क्षमताको सबलीकरण तथा स्रोत परिचालन;

च) राष्ट्रिय कानून र प्रचलन बमोजिम अन्य उपाय ।

३९. सदस्यले उपयुक्त भएमा रोजगारदाताको सबैभन्दा प्रतिनिधिमूलक संगठन, जसको तह र तप्कामा कामदारको गणना भएको हुनुपर्छ र राष्ट्रिय प्रचलन बमोजिम अनौपचारिक अर्थतन्त्रमा कामदार र आर्थिक एकाईको रुपमा रहेका सदस्य भएको प्रतिनिधिमूलक संगठनका प्रतिनिधिसितको छलफल र परामर्शको आधारमा औपचारिक अर्थतन्त्रतर्फको संक्रमणलाई सहज पार्नको लागि नीति र उपायको प्रभावकारिताको नियमित रुपले पुनरावलोकन गर्नु पर्दछ ।

४०. औपचारिक अर्थतन्त्रतर्फको संक्रमणलाई सहजीकरण गर्नको लागि अवलम्बन गरिएका उपाय परिभाषित, निर्माण, कार्यान्वयन र आवधिक रुपमा पुनरावलोकन गर्ने क्रममा सदस्यले अनुसूचीमा दिइएका अनौपचारिक अर्थतन्त्रसँग सम्बन्धित अन्तर्राष्ट्रिय श्रम संगठन र संयुक्त राष्ट्र संघका सन्धी/सम्झौता तथा दस्तावेजमा व्यवस्था गरिएका निर्देशनलाई ध्यानमा राख्नु पर्दछ ।

४१. अनौपचारिक अर्थतन्त्रमा कार्यरत व्यक्तिहरुलाई अन्तर्राष्ट्रिय श्रम संगठनको अन्य दस्तावेजले प्रदान गरेको सुरक्षालाई यस सिफारिसको कुनैपनि प्रावधानले न्यूनीकरण गरेको मानिने छैन ।

४२. अन्तर्राष्ट्रिय श्रम कार्यालयको शासकीय निकायले अनुसुचीको संशोधन गर्न सक्नेछ । यसरी परिमार्जित र सञ्चालक समितिद्वारा पारित अनुसूचीले पहिलेको अनुसूचीलाई प्रतिस्थापन गर्नेछ र त्यसलाई अन्तर्राष्ट्रिय श्रम संगठनका सदस्यहरुलाई वितरण गरिनेछ ।